# लहानको मधेस आन्दोलन

***डा. विजयप्रसाद मिश्र****


## सार

*नेपालमा मधेसीमूलका मानिसहरूले पहिचान, नागरिकता, सुरक्षा निकाय र निजामति सेवा लगायत राज्यका सबै निकायहरूमा जनसंख्याको आधारमा रोजगारीका अवसरको माग, आत्मनिर्णय सहितको संघीय राज्य, स्वतन्त्र तराई राज्य र सरकारमा प्रतिनिधित्व गर्ने जस्ता सवालहरू लिएर मधेसीहरूले सशस्त्र र शान्तिपूर्ण आन्दोलनहरू गरिरहेका छन् । तत्कालिन मधेसी जनअधिकार फोरम नेपालको नेतृत्वमा २०६३ माघ २ गतेदेखि माघ २६ गतेसम्म मधेस आन्दोलन भएको थियो । जुन आन्दोलनको पहिलो सहिद रमेशकुमार महतोलाई माघ ५ गते लहानमा राजमार्गमा गरिएको चक्काजाम खोल्ने विवादमा माओवादीहरूले गोलिहानी हत्या गरेका थिए । लहानको उक्त घटना पछि मधेस आन्दोलनले उग्ररूप लिएको थियो । अझ, माओवादीका नेता मातृका यादवले माघ ६ गते राती माओवादीको हुल ल्याई रमेशकुमार महतोको लाश लुटेर लगेकाले मधेसीको संस्कृतिमा चुनौती दिएको महसुस गरी माघ ७ गतेदेखि गाउँ गाउँवाट मधेसीहरू लहान आएर सरकारी कार्यालयहरू जलाउन थाले । माओवादीको ज्यादती सहेर बसेका स्थानीय सबै आक्रोशित भइ आन्दोलनमा सरिक भएपछि मधेस आन्दोलनले विद्रोहको रूप लियो र यो आन्दोलन पूर्वमा झापादेखि पश्चिममा पर्सासम्म फैलियो । मधेस आन्दोलनमा लहानमा ५ जना सहिद भएका थिए । जनयुद्धकालमा दुई-दुई पटक माओवादीले आक्रमण गरेकाले त्रसित भएका स्थानीय नागरिकहरू तेस्रो पटक माओवादीले मधेस आन्दोलनमा हस्तक्षेप गरेकोले ठूलै घटना हुन्छ भनेर भयभित भएका स्थानीय जनातामा लहान आन्दोलनमा भएका क्रियाकलापहरूले मनोवैज्ञानिक असर परेको थियो । नागरिकले यस्तो आन्दोलन कहिल्यै नभोगेकाले लहानमा भएको मधेस आन्दोलन नौलो र साहसिक थियो । यसले मधेसीहरूको शक्ति प्रदर्शनी भएको थियो । आन्दोलनमा सशस्त्र भुमिगत समुहहरूको सक्रियता देखिएकोले हिंसात्मक गतिविधिहरू भएका थिए । तसर्थ लहानको मधेस आन्दोलनले सिंगो मधेस आन्दोलनको नेतृत्व गरिरहेको थियो । लहानको आन्दोलनमा पहाडी समुदाय, पेशागत संघसंस्था, अन्य राजनीतिक पार्टीहरू समेतले एक्यबद्धता जनाएकाले यो आन्दोलन समाजका सबै पक्षको सहभागितामा भएको थियो ।*


**शब्दकुञ्जी**: आत्मसम्मान, मनोवैज्ञानिक असर, हिंसात्मक गतिविधि र मधेश आन्दोलन ।

## अनुसन्धान विधि

लहानमा भएको मधेस आन्दोलनका विषयमा निस्किएका समाचार, प्रेस विज्ञप्ती, पत्रहरू, पुस्तक, लेखको अध्ययन तथा घटना स्थलको अवलोकनका साथै सबै सरोकारवालाहरूसंगको अन्तर्वार्ताबाट यो अनुसन्धानलाई ऐतिहासिक आधारमा व्याख्या विश्लेषण गरिएको छ । यस अर्थमा प्राथमिक स्रोतहरूका सूचनालाई सत्यान्वेषण प्रक्रियाबाट प्राप्त यथार्थ तथ्यहरू ग्रहण गर्दै द्वितीयक स्रोतहरूको समेत समुचित उपयोग गरिएको छ ।

## परिचय

पूर्वाञ्चल विकास क्षेत्रको सगरमाथा अञ्चल, सिरहा जिल्लाको पूर्वी भागको महेन्द्र राजमार्गमा पर्ने लहान मधेस आन्दोलन पछि राजनीतिक रूपमा निकै चर्चामा आएको स्थान हो । सप्तरी, सिरहा र उदयपुर जिल्लाको मुख्य व्यापारिक केन्द्रको रूपमा रहेको लहान नगरपालिका क्षेत्र महेन्द्र राजमार्गमा पर्ने भएकोले नेपालको पूर्वीभागवाट पश्चिम वा राजधानी आउन लहानको बाटो भएर हिड्नु पर्ने भएकोले यसको महत्व

** **डा. मिश्र, सहप्राध्यापक (इतिहास), त्रि.वि. पाटन संयुक्त क्याम्पस, पाटनढोका ।***

बढेको हो । लहानवाट २०६३ सालमा मधेसको माघे आन्दोलनको शुरुवात भएकोले यहाँ मधेस आन्दोलनमा लहानमा के कस्तो घटनाहरू भए ? ती घटनाका कारणहरू के के थिए र यसले के प्रभाव पारेको थियो भन्ने भन्ने विषयलाई उजागर गर्न खोजिएको छ ।

मधेसमा पहिचान, आत्मसम्मान, भाषा, नागरिकता, सुरक्षा निकाय र अन्य निजामती सेवा मा जनसंख्याको आधारमा मधेसीको प्रतिनिधित्व हुनुपर्ने, जनसंख्याको आधारमा रोजगारीको अवसर, समावेशी, समग्र मधेस एक प्रदेश, आत्मनिर्णय सहितको संघीय राज्य, स्वतन्त्र तराई राज्य तथा सरकारमा कसरी जाने भन्ने मुद्दाहरू लिएर पटक पटक आन्दोलनहरू हुने गरेका छन् ।

माओवादीहरू शान्तिवार्तामा आइसकेपछि बृहत शान्ति संझौतामा हस्ताक्षर भएपछि २०६३ साल माघ १ गते नेपालको अन्तरिम संविधान २०६३ घोषणा भएको थियो । उक्त अन्तरिम संविधानमा संघीय राज्य प्रणाली, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र घोषणा र समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था नगरिएकोले मधेसी जनअधिकार फोरम नेपालले माघ २ गते काठमाडौंमा अन्तरिम संविधान २०६३ जलाएको थियो । संविधान जलाउने क्रममा काठमाडौंमा पक्राउ परेका फोरम नेपालका केन्द्रीय अध्यक्ष उपेन्द्र यादव, सहितका नेताहरूलाई सरकारले सार्वजनिक अपराध अन्तर्गतको मुद्धा अन्तर्गत १० दिने पूर्जी थमाएर थुनामा राखेपछि उनीहरूको रिहाइको माग गर्दै मधेसी जनअधिकार फोरम नेपालका नेता तथा कार्यकर्ताहरूले मधेसमा बजार बन्द र चक्काजाम गर्न थालेका थिए । .

अन्यत्र जस्तै लहानमा मधेसी जनअधिकार फोरम नेपालका तत्कालिन केन्द्रिय सदस्य कृष्णबहादुर यादवको नेतृत्वमा माघ ४ गतेदेखि माघ २६ गते सम्म जम्मा २३ दिन आन्दोलनका विभिन्न गतिविधिहरू भएका थिए । जुन आन्दोलनमा माघ ५ गते एक जना र माघ ८ गते ४ जना गरी पाँच जनाले सहादत प्राप्त गरेका थिए । लहानवाट शुरु भएको मधेस आन्दोलन आगो जस्तै फैलिएर मोरङ्, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सा जिल्लामा प्रभावकारी आन्दोलनहरू भएका थिए । मधेस आन्दोलनको केन्द्रविन्दुको रूप भएको लहानको पहिलो मधेस आन्दोलनका घटना, कारण र परिणामलाई यहाँ व्याख्या विश्लेषण गरिएको छ ।

## मधेसको ऐतिहासिक पृष्ठभूमि

**गोरखाका राजा पृथ्वीनारायण शाहले काठमाडौं उपत्यकामा आक्रमण गर्ने क्रममा जयप्रकाश मल्ललाई तराईवाट ल्याइएका तिरहुतिया सेनाले सहयोग गर्नु तथा नेपाल-अंग्रेज युद्धमा नेपालका मधेसी समुदायले अंग्रेजलाई सहयोग गर्नुले शाह शासकहरूले मधेसको तिरहुतिया सेनालाई विश्वास गर्दैनथे । तराईमा बसोबास गर्नेहरू प्रति जहिले पनि आशंका गरिरहने गोर्खाली शासकहरूले तराईलाई नेपालमा गाभीसकेपछि यहाँको कृषि योग्य भूमि राज्यले आफ्नो कर्मचारी र सेनाहरूलाई वितरण गर्न थाल्यो ।**

**पहिले जागिरवापत वा वीरता प्रदर्शन गरेवापत राज्यले जग्गा दिने चलन रहेकोले उब्जाऊ क्षेत्रको रूपमा रहेको तराईको समथल फाँटलाई शाह र राणा शासकहरूले आफन्त, सेना, कर्मचारी र वीरता देखाउने व्यक्तिलाई दिएका थिए । बिर्ता वा जागिरको रूपमा पाएको जग्गा कै कारणले तराईमा पहाडी समुदायका मानिस आएर बसोबास गर्न थाले । जसको संगत र साथ लागेर अरु पहाडी समुदायका मानिसहरू पनि बसाईं सरेर तराई आएको पाइन्छ । औलो र गर्मीको डरले तराई नझर्नेहरू पनि औलो उन्मूलन पछि बाक्लो रूपमा तराई झर्न थाले । तराईमा पहाडवाट र दक्षिण भारतवाट रोजगारको अवसर प्राप्त गर्न धेरै मानिसहरू आएर बसे र कालन्तरमा सबै यहाँका स्थायी बासिन्दा भए । नेपाली समाजमा मधेसी अधिकारका आवाजहरू २००७**

सालको खुला राजनीतिक वातावरणसंगै सार्वजनिक हुन थालेका हुन । भारतवाट बेलायतीहरूको प्रस्थान र त्यसको लगतै नेपालमा राणा शासनको अन्त्यपछि मधेसीको अधिकारको लागि सही एवं साझा राजनीतिक संघ संस्था र प्रक्रियाको खोजी प्रारम्भ भयो । [२]महेन्द्रवीर विक्रम शाहदेवको शासन कालदेखि भने राष्ट्रियताको नारा प्रयोगमा गर्दा एउटै भाषा एउटै भेष भन्ने गरियो । नेपाली भाषाको प्रचार प्रसारका लागि तराईमा पढाउने शिक्षकहरूले अनिवार्य रूपमा नेपाली भाषा सिकेको हुनु पर्ने र हिन्दी भाषामा नभई नेपाली भाषामा पढाइ हुने नियम बनाए पछि हिन्दीलाई राष्ट्रिय भाषा बनाउनु पर्ने माग राख्दै आन्दोलन सुरु भयो । तत्कालीन राजा महेन्द्रको मधेसप्रतिको नीतिले गर्दा नै मधेसका मानिसहरू दोस्रो दर्जाको नागरिकको रूपमा आफूलाई व्यवहार गर्न थालिएको महसुस गर्न थाले र त्यहीवाट राजनीतिक र सामाजिक विभेदको गन्ध आउने थाल्यो । यसले विस्तारै नागरिकता प्राप्तीको सवाललाई लिएर आन्दोलनहरू हुन थाले । नेपाल सद्भावना पार्टीले नागरिकताकै लागि बनाएको 'हम विदेशी नही' मधेसी हैं, तुमसे बढकर स्वदेशी हैं' [३] भन्ने नाराले पनि उनीहरूलाई पहाडीया समुदायका मानिसहरूले अगाडि जे भने पनि अनुपस्थितिमा भारतीय भनेर लगाउने गरेको दोष नै मधेस आन्दोलनको बीज थियो ।

सप्तरीका रघुनाथ ठाकुरले 'मधेस जनक्रान्तिकारी दल' खोलेका थिए । उनले नेपाल सरकारसंग अधिकार खोस्न मधेसीहरूको आफ्नै सेना बनाउने योजना बनाएका थिए । ठाकुरले तराईको आफ्नै वैदेशिक नीति हुनुपर्ने, आफ्नै सेना, प्रहरी र व्युरोक्रेट हुनु पर्ने, आफ्नै कानून र घरेलु र बाह्य व्यापारिक नीति मधेसीहरूले नै तोक्न पाउनुपर्ने जस्ता मागहरू राखेका थिए । [४]

राणा शासनको अन्त्यपछि सिरहाका बेदानन्द झाले गठन गरेको तराई कांग्रेसले पहिलो पटक नेपालमा संस्थागत रूपमा मधेसी मुद्दालाई उठाएको हो । तराई कांग्रेसले तराईलाई स्वतन्त्र राज्यको दर्जा दिनुपर्ने, हिन्दी भाषालाई तराईको राजकीय भाषा बनाउनु पर्ने र तराईवासी सबैको लागि देशको प्रशासनिक तथा अन्य सेवामा समुचित अनुपातमा प्रबेशको अबस्था सुरक्षित गर्ने उद्देश्य राखेको थियो । तत्कालीन सरकारको हिन्दी भाषा विरोधी नीतिको विरोध गर्न तराई कांग्रेसले हिन्दी रक्षा समिति बनायो । [५]

नेपाल तराई कांग्रेसका नेताहरू बेदानन्द झा, कुलानन्द झा, बलदेब दास यादव लगायतको सक्रियतामा आन्दोलन गरियो । विराटनगर, राजविराज, सिरहा र वीरगञ्जमा केही मधेसी नेता र कार्यकर्ता पक्राउ परेका थिए ।

हिन्दी भाषाको समर्थनमा मधेसमा आन्दोलन चर्किरहेको बेला राजा महेन्द्रले वि.सं.२०१५ सालमा आम निर्वाचनको घोषणा गरेपछि आन्दोलन सेलायो र चुनाव नजितेपछि बेदानन्द झा राजाको पछि लागि मन्त्री भए । फ्रेडरिक एच. गेजले आफ्नो पुस्तकमा भनेका छन्, 'सरकारले तराईमा नेपालीकरणको प्रक्रियालाई

---

[२] भाष्कर गौतम, "परित्यक्त मधेस : लिखतद्वारा कैद नेपाली राष्ट्रियता", *स्टडिज इन नेपाली हिस्ट्रि एण्ड सोसाइटी, भोलुम १३ नं. १*, प्रत्युष वन्त र अरु (सम्पा.) पृ. ११७-१४६ । काठमाण्डौ : हिमाल बुक, ई.सं. २००८, पृष्ठः १४० ।

[३] वि.सं. २०४९ सालमा लेखक ठाकुर राम बहुमुखी क्याम्पसमा अध्ययनरत रहँदा बीरगंजको घण्टाघर छेऊको दुरसंचार कार्यालयको पर्खालमा बाल पेन्टिङ गरी लेखिएको अवस्थामा देखेको भित्तेलेखन, नेपाल सद्भावना पार्टीले भित्तामा लेख्न लगाएको थियो ।

[४] महानन्द ठाकुर, *अमर सहीद रघुनाथ ठाकुर : मधेशीका जीवन वृत्त और उनकी कृतियाँ,* राजविराज : महानन्द ठाकुर, वि.सं. २०५२, पृष्ठ ८३ ।

[५] विजयप्रसाद मिश्र, मधेसवादी दल तथा सशस्त्र आन्दोलनमा लागेकाहरू र सरकार बीच भएको संझौता कार्यान्वयनको अवस्था, *हिस्टोरिकल जर्नल,* अंक २, नारायण एन. भारद्वाज(सम्पा.), ललितपुर : पाटन बहुमुखी क्याम्पस, वि.सं. २०६८, पृष्ठ : ५०-७६ ।

**प्रोत्साहित गर्न विभिन्न कार्यहरू गरिरहेको छ, तर सरकारले स्पष्टसँग उनीहरूको संस्कारलाई रूपान्तरण गर्न चालेका कदमको उनीहरूले प्रतिकार गर्ने छन् ।'[६]**

**२०१७ साल पछि गजेन्द्रनारायण सिंहले पूर्वमा मधेसी समुदायको छुट्टै समिति बनाई मधेसी समुदायको आवाज उठाउन थाले । मधेसी समुदायको असंगठित स्वरूपलाई संगठित गर्न गजेन्द्र नारायण सिंह सहितका मधेसी नेताहरू वि.सं.२०४० सालमा काठमाडौंमा भेला भई नेपाल सद्भावना परिषदको गठन गरे । सिंहको पछि यो पार्टीमा एक पछि अर्को फुट हुँदै आनन्दीदेवी पक्ष र बद्री मण्डल पक्ष र पछि झन राजेन्द्र महतो, सरिता गिरी र श्यामसुन्दर गुप्ताको नेतृत्वमा पार्टी विभाजित भयो र धेरै पार्टीहरू बने ।**

**मधेसलाई राज्यको मूल प्रवाहमा ल्याउन र सरकार र दलहरूलाई दवाव दिने उद्देश्यले माओवादीकै रणनीति अनुसार मधेसी जनअधिकार फोरमको गठन २०५४ सालमा भयो । यसको अध्यक्षमा उपेन्द्र यादव चयन भएका थिए र पछि महासचिवमा रामचन्द्र महतो चयन भएका थिए । जसको गठन विराटनगरमा भएको थियो ।[७] २०५७ सालमा माओवादीले भारतको सिलिगुडीमा आयोजित एक भेलामा अध्यक्ष प्रचण्डको उपस्थितिमा मधेसी राष्ट्रिय मुक्ति मोर्चाको तदर्थ समिति गठन गरेका थिए ।[८]**

**नेपाल सरकारले २०६३ माघ १ गते नेपालको अन्तरिम सम्बिधान २०६३ जारी गरेको थियो । उक्त सम्बिधानको विरोध गर्दै मधेसी जनअधिकार फोरमले माघ २ गते ११ बुँदे माग सहित आन्दोलनको घोषणा गरेको थियो । ती मागहरूमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना हुनु पर्ने, संविधान सभाको लागि समानुपातिक निर्वाचन प्रणाली लागु हुनु पर्ने लगायतका मागहरू राख्दै मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा काठमाडौंमा माघ २ गते अन्तरिम संविधान २०६३ जलाइयो । तत्काल उपेन्द्र यादव सहित पक्राऊ परेका मधेसी नेताहरूलाई सार्वजनिक अपराधको मुद्धा लगाई सरकारले १० दिने हिरासतमा राख्यो ।[९]**

अन्तरिम संविधानको विरोध गरेर मधेसी जनअधिकार फोरमले माघ २ गते मधेस बन्दको कार्यक्रम राखेको थियो । काठमाडौंमा माघ २ गते अन्तरिम संविधान जलाएर प्रदर्शनी गर्ने मध्ये २८ जनालाई प्रहरीले पक्राऊ गरेको थियो । पक्राऊ पर्ने मध्ये मधेसी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव, अवधेश कुमार सिंह, राजकिशोर सिंह, अमरेश नारायण झा, रामेश्वर राय यादव, निलम बर्मा सहित १४ जनालाई सार्वजनिक अपराधको ऐन अन्तर्गत मुद्दा चलायो ।[१०] माघ ३ गते पक्राऊ परेका नेता छुटाउन लहानमा दिउसो केही घण्टा चक्का जाम भएको थियो । माघ ५ गते लहानमा चक्का जाम गरेर बसेका फोरमका नेता तथा कार्यकर्ताको

---

६ फ्रेडरिक एच. गेज, रिजीनालिज्म एण्ड नेशनल यूनिटी ईन नेपाल, दोस्रो संस्करण, काठमाण्डौ : हिमाल बुक, ई.सं. २००९, पृष्ठ : २३ ।

७ लेखकलाई मधेसी जनअधिकार फोरम नेपालका संस्थापक महासचिब रामचन्द्र महतोले विराटनगरको रानी स्थित उहाँकै निवासमा मिति २०७१ पुष १३ गते बताए अनुसार डा. बाबुराम भट्टराई माओवादीको पूर्वी कमाण्ड इन्चार्ज भएर विराटनगरको अतिथि सदनमा आएर भएको बैठकमा मधेसीहरूको छुट्टै संगठन गर्ने रणनीति अनुसार मधेसी जनअधिकार फोरमको गठन भएको हो । महतोलाई उपेन्द्र यादवसंग चिनजान गराउने काम माओवादीका तत्कालिन यूवा नेता टंक गिरीले गरेका थिए । पहिलो बैठक विराटनगरवाट जोगवनी जाने बाटोमा नेशनल एकेडमीको भाडामा रहेको घरमा भएको थियो । साथै फोरम गठन पछि लगतै तत्कालिन माओवादी यूवा नेता टंक गिरीको घर नजिक अर्थात् महेन्द्र मोरङ् आदर्श बहूमूखी क्याम्पसको दक्षिणमा रहेको आँपको बगैचामा बसेर गरिएको थियो ।

८ ऐजन

९ दीपक चौधरी, रूपान्तरण मधेश जनविद्रोहसँगै राष्ट्रियता र तराई/मधेसमा देखिएको बदलावको सन्दर्भमा, काठमाडौं: विवेक सिर्जनशील प्रकाशन प्रा.लि., वि.सं. २०७१, पेज २ ।

१० सिके राउत, मधेशको इतिहास, जनकपुर: गैरआबासिय मधेसी संघ, वि.सं. २०७०, पेज, २२२ ।

पूर्ववाट चितवनको एक कार्यक्रममा सहभागि हुन गएका माओवादीहरूको एउटा समुहसंग विवाद हुँदा माओवादीका तर्फवाट चलेको गोलीले आन्दोलनमा सहभागि विद्यार्थी रमेश महतोको हत्या भएको थियो । त्यसपछि लहानमा भएको मधेस आन्दोलनले विद्रोहको रूप लिएको थियो ।

## लहानमा मधेस आन्दोलन

नेपालको अन्तरिम संविधान २०६३ जलाउने मधेशी जनाधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव सहित फोरमका १४ जनालाई काठमण्डौमा सरकारद्वारा सार्वजानिक मुद्दा चलाएकोले उक्त सार्वजानिक मुद्दा फिर्ता लिई तत्काल रिहा गर्न अनुरोध गर्दै सिरहामा कार्यरत १० वटा संघसंस्थाहरूले विज्ञप्ती जारी गरेका थिए । मानव अधिकारवादी संघसंस्थाहरूले देश अहिले संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेका कारण लोकतान्त्रिक सरकारले विरोधका आवाजलाई सकारात्मक रूपमा लिई संयमताका साथ अघि बढन र मधेशी समुदायको समस्या प्रति गम्भीर हुन समेत आग्रह गरिएको थियो ।[११]

उक्त विज्ञप्तीमा यस किसिमको सरकारको कार्यवाहिले जातिय रूपमा साम्प्रदायिक भडकाव उत्पन्न हुने खतरा भएको हुदाँ समस्यालाई वार्ता र सहमतिद्वारा समाधान खोज्न नेपाल सरकार र आन्दोलित पक्ष मधेशी जनाधिकार फोरम समक्ष आग्रह गरिएको थियो । लहानका संघसंस्थाको आवाजलाई सरकारले सुनेन । स्थानीय स्थिति बुझेका मानवअधिकारकर्मी, संचारकर्मीहरूले जे सोचिरहेका थिए आखिर त्यही भयो । सरकारले उता काठमाडौंमा मधेसी नेताहरूलाई छोडेन यता मधेसीहरू विस्तारै जुट्दै गए । लहानमा आन्दोलन गरिरहेका फोरमका केन्द्रिय सदस्य कृष्ण बहादुर यादवका अनुसार आन्दोलनका लागि कार्यकर्ताहरूको आवश्यकता थियो । जसको लागि लहानका राप्रपा नेपालका नेता तथा पूर्व मेयर प्रकाश केसीले यादवलाई बोलाएर मधेस आन्दोलनमा सहयोग गर्न आफ्ना पक्षका केही मधेसीमूलका कार्यकर्ताहरू परिचालन गरिदिए । केही मधेसी मूलका राजतन्त्र विरोधी व्यक्तिहरूले प्रकाश केसीलाई राजा ज्ञानेन्द्रको शासन कालमा मेयर भएको विरुद्धमा लहानको राजमार्गमा कालोमोसो लगाएर घुमाएका थिए । उक्त घटनाको बदलाको भाव राखिरहेका केसीले माओवादी विरुद्ध मधेसी शक्तिलाई सहयोग गरे । लहानमा आन्दोलनको नेतृत्व गरिरहेका कृष्ण बहादुर यादवले यो कुरालाई स्वीकार्दै आफ्नो अन्तर्वार्तामा प्रकाश केसीले आफ्नो कार्यकर्ता दिएर हामीलाई सहयोग नगरेको भए आन्दोलन हाक्न समस्या पर्ने थियो भनेका छन् ।[१२] प्रकाश केसीले पनि आफूले कृष्ण बहादुर यादवलाई आफ्ना कार्यकर्ताहरू पठाएर सहयोग गरेको स्वीकार्नु भएको छ । उहाँले के कारणले सहयोग गर्नु भएको भन्ने प्रश्नमा बदलाको भावनाले नभइ मधेस मै जन्मिएर हुर्किएकोले मधेसीले अधिकारको लागि गरेको आन्दोलनमा हामीले पनि सहयोग गर्नु पर्दछ भन्ने सोच राखेर सहयोग गरेको वताउनु भएको छ ।[१३] मधेस आन्दोलनमा मधेसीहरूको मात्र सहयोग थिएन । लहानमा रहेका पहाडी समुदायले पनि मधेसीको आन्दोलनको पक्षमा एक्यवद्धता जनाउँदै जुलुश प्रदर्शनी गरेको थियो । आन्दोलन प्रति सरकारको उदासिनता भएकोले प्रतिवाद गरेर

---

[११] मानअधिकार संरक्षण केन्द्र सिरहा , समग्र जन-उत्थान केन्द्र लहान ,दलित जनकल्याण युवा क्लव लहान , समग्र विकास सेवा केन्द्र लहान, इन्सेक जिल्ला प्रतिनिधि सिरहा, ओरेक नेपाल सिरहा , दलित समाज सेवा संघ लहान, घरेलु महिला हिंसा विरुद्धको संजाल सिरहा र मधेश मिडिया मिशनका प्रतिनिधिहरू समेत १० वटा संघसंस्थाहरूले २०६३ माघ ४ गते लहानमा जारी गरेको प्रेस विज्ञप्तीवाट ।

[१२] मधेसी जनअधिकार फोरमका केन्द्रीय सदस्य कृष्णबहादुर यादवले २०७१ माघ ११ गते अनुसन्धानकर्तालाई लहानमा बताए अनुसार ।

[१३] राप्रपा नेपालका नेता, लहानका पूर्व मेयर प्रकाश केसीले अनुसन्धान कर्तासंग मिति २०७२ बैशाख ७ गते लहानमा गरेको कुराकानीको आधारमा ।

बस्नु भन्दा मधेसीहरूले जतिसुकै अपशब्दहरू प्रयोग गरेको सुनिए पनि पहाडीहरू संगठित रूपमा मधेसीको आन्दोलनको पक्षमा उभिए । अन्यत्र पहाडीहरूले प्रतिकार जुलुश निकाल्नु तर लहानमा मधेसीको समर्थनमा जुलुश निकाल्नुको पछाडी स्थानीयता प्रतिको लगाव थियो । लगातारको मधेस आन्दोलनले उग्रबन्दै गएको अवस्थामा मधेसीहरूलाई पहाडी विरोधी नभई सरकार विरोधी मात्र बन्न तर्फ आकर्षित गर्न पहाडीहरूले जुलुश निकालेर मधेसीहरूलाई साथ दिएका हुन सक्छन् ।

लहानमा वि.सं. २०६३ माघ ५ गते चक्काजाम भइरहेको बखत माओवादी नेता राम कार्की सहित उनका कार्यकर्ताहरूको गाडीलाई फोरमका कार्यकर्ताहरूले रोकेका थिए । बाटो खोलाउने र बन्द गर्ने विषयमा दुबैपक्ष बीच विवाद भइरहेको बेला माओवादी कार्यकर्ता सियाराम ठाकुरले चलाएको गोली लागि स्कूले विद्यार्थी रमेशकुमार महतोको मृत्यु भयो ।[१४] आक्रोशित फोरमका कार्यकर्ताहरूले लहानमा रोकेर राखिएका १२ वटा भन्दा बढी सवारी साधनहरूमा आगजनी गरे । लामो दूरीका ५ सय भन्दा बढी यात्रुहरू ६ दिनसम्म लहानमा अलपत्र परे ।[१५]

बसका यात्रुहरू चाहे मधेसी हुन चाहे पहाडी समुदायको सबैलाई स्थानीय मधेसी मूलका समाजसेवीहरू कै अग्रसरतामा लहानको धर्मशालाहरूमा राख्ने र उनीहरूलाई खानाको प्रवन्ध मिलाउने काम भएको थियो । एका तर्फ आन्दोलन चर्किरहेको थियो । मधेसी नेताहरू पहाडी महिलाहरू प्रति नराम्रो शब्दहरू प्रयोग गरेर पहाडी समाज प्रति कटाक्ष गरिरहेका हुन्थे तर अर्को तिर त्यही मधेसी समुदायको केही व्यक्तिहरू अलपत्र परेका पहाडी समुदायका मानिसहरूको सुरक्षा, बसोबास र खानपानको व्यवस्था मिलाई रहेका हुन्थे । केही मधेसीहरूको पहाडी समुदाय प्रति भएको सकारात्मक व्यवहारले मिडियामा स्थान पाएको थियो । यो समाचार पहाडी समुदायको बाहुल्यता भएको क्षेत्रमा पनि पुग्दथ्यो । पहाडी समुदायबाट कतै पनि मधेसी समुदाय प्रति अभद्र व्यवहार भएन । त्यसैले यो आन्दोलनमा अपरिचित अनुहारका भएमा मधेसीहरूले अभद्र व्यवहार गरे पनि परिचित अनुहारलाई सम्मानित नजरले नै हेर्ने सामाजिक परम्परा कायम नै रहेकोले यो आन्दोलनले जातिय दंगाको रूप लिन सकेन । यो राजनीतिक आन्दोलनमा मात्र सिमित रहेको थियो ।

माघ ६ गते दिउँसो मृतक रमेशकुमार महतोको शव सहित बजार परिक्रमा गरिए पनि राजमार्गमा शव सहित धर्नामा बसेका प्रदर्शनकारीमाथि राती करिव साढे ९ बजेतिर दुई दर्जन जति मोटर साइकल, एउटा जीप र दुई वटा ट्रकमा आएका माओवादीहरूले हस्तक्षेप गरि शव खोसेर लगे । लाश लाने माओवादीका नेता मातृका यादवले भने मृतकको परिवार कै सहमतिमा मृतकका दाजु र दुई जना छिमेकी सहित शव लिएर गएको लेखकलाई बताए ।[१६]

शनिवार साँझ (माघ ६ गते) फोरम सम्वद्ध प्रदर्शनकारीहरू मृतक रमेश कुमार महतोको शव लहानस्थित लोकतान्त्रिक चौकमा पाल टाँगेर धर्नामा बसेका थिए । उनीहरूले आन्दोलनका लागि १७ सदस्यिय

---

[१४] मिश्र, पूर्ववत, पादटिप्पणी नं. ४, पृष्ठ ५० ।

[१५] ईन्सेक प्रतिनिधि देवराज पोखरेलले तयार पारेको प्रतिवेदन अनुसार ।

[१६] मातृका यादवले लेखकलाई २०७० जेठ ११ गते विराटनगरमा बताए अनुसार शुरुमा पडरियादेखि उत्तर तर्फ लगेर दाह संस्कार गर्ने सोच राखिएको थियो । तर त्यो क्षेत्रमा राजावादीहरू बढी भएकाले अवरोध गर्लान भनेर मिर्चैयामा माओवादीहरूले कब्जामा राखेको मोहन शाहीको घर तर्फ लगे । मातृका भन्छन्,‘ मृतक रमेश महतोका आफन्तलाई माओवादीको तरिकाले जलाउने हो कि आफ्नो जातिय परम्पराले जलाउने हो भनी सोधियो र उनीहरूले आफ्नो जातीय परम्पराले लाश चलाउने भने पछि मिर्चैयादेखि दक्षिणको घुर्मि खोलामा रमेश महतोको दाहसंस्कार गरिएको थियो ।

समिति निर्माण गरी केही मागहरू सार्वजनिक गरेका थिए ।[१७] लाश राखिएको चौकलाई 'वीर शहिद रमेश चोक' नामाकरण गर्दै पीडित परिवारलाई २५ लाख क्षतिपुर्ति, चोकमा रमेशको सालीक निर्माण, पीडित परिवारको एक जनालाई सरकारी सेवामा रोजगारी दिनुपर्ने, घटनाका दोषीलाई आजिवन कारावासको सजाय, गृहमन्त्रीको राजीनामा सहित प्रधानमन्त्रीले मधेशी समुदाय समक्ष सार्वजनिक रूपमा माफी माग्नु पर्ने माघहरू आन्दोलनकारीहरूले राखेका थिए । माग पुरा नभए सम्म शवको दाह संस्कार नगर्ने भनेर सडक अवरुद्ध गर्दै बसेका थिए ।

लहानवाट रमेश महतोको लाश लिएर जाने क्रममा लाश संगै बसिरहेकाहरूलाई कुटपिट गरि जेठो दाई रामकृष्ण महतो, पत्रकार बद्रिनारायण यादव सहित ३ जनालाई मओवादीहरूले अपहरण गरि संगै लगेका थिए ।[१८] माओवादीले लाश लुट्नु अघि स्थानीय प्रशासन, सात राजनीतिक पार्टीका स्थानीय प्रतिनिधिहरूसंग दिनभरी बार्ता गरी समस्या समाधानका लागि प्रयासहरू गरेको थियो । कुनै निकास नआएपछि घरपरिवारलाई लाश जिम्मा लगाउने वा उनीहरूकै उपस्थितिमा लाश जलाउन पाइएमा विस्तारै आक्रोश कमहुने माओवादी नेता मातृका यादवले सोचे र सोही अनुसार लाश लुटेर लगि सिरहा जिल्लाको पश्चिमी क्षेत्रमा पर्ने घुर्मी खोलामा माओवादीको सुरक्षामा जलाए । यो घटनाले झनै प्रतिउत्पादक काम गरेको थियो । गोली पनि हाने लाश पनि लुटेर लगे भन्ने जानकारी गाउँका मानिसहरूले पाएपछि सबै आक्रोशित हुनु स्वभाविक थियो । त्यसपछि आन्दोलन सुरक्षा निकायको नियन्त्रण बाहिर गयो । मधेस आन्दोलन भडकिनुमा माओवादीको दम्भ र सुझबुझ विनाको व्यवहार पनि कारणको रूपमा रहेको थियो ।

प्रहरी माओवादीसँग मिलेर जस्तो देखिएकोले आन्दोलनकारीहरूले लहानको प्रहरी चौकीमा आक्रमण गर्ने प्रयास गरे । प्रहरीले आत्म सुरक्षा गर्ने क्रममा चलाएको गोली लागि सोठियाइन-९ मिर्जापुरका १७ वर्षिय प्रमोद सदाय र लहान -४ का २२ वर्षिय विजय कुमार सहनीको तत्काल मत्यु भएको थियो भने २२ जनालाई सैनिकको हेलिकप्टरबाट उपचारका लागि काठमाडौं लगिएको थियो । उपचार कै क्रममा माघ ९ गते काठमाडौंमा ढोढना-५ का वेचन यादव र महेशवारीका मो.मोजाद्दिन (अनिस राइन) को मृत्यृ भएको थियो ।

एकै दिन चार जना सहिद भएपछि बजारमा आन्दोलन दैनिक रूपमा चल्ने, खाना खाए पछि दिउसो जुलुशले नगर परिक्रमा गर्ने, कोण सभा गर्ने गरिन्थ्यो । कहिले पहाडी समुदायले, कहिले कर्मचारी र विभिन्न पेशागत संघसंस्थाहरूले मधेसी आन्दोलन प्रति एक्यबद्धता जनाउँदै जुलुशहरू निकाल्ने गरेका थिए । शुरुमा जुन किसिमको हिंसात्मक गतिविधि बढेको थियो । पछि आन्दोलन चलिरहे पनि हिंसात्मक घटनाहरू भएनन् ।

मधेस आन्दोलनमा ऐक्यबद्धता जनाउदै पहाडेमूलका मधेसवासीहरूले माघ २० गते विहान ८ वजे लहानमा वृहत्त प्रर्दशन गरेका थिए । संघीय राज्यको घोषणा गर, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र घोषणा गर, प्रधानमन्त्रीको संवोधन धोका हो, मान्छे मार्न पाईदैन, हत्यारा प्रशासन चाहिदैन, गृहमंत्रि राजिनामा दे, मधेसको माग पुरा गर लगायतका नारासहित लोकतान्त्रिक चौकबाट निस्किएको विरोध जुलुस गणेश चौकमा पुगि पेशाकर्मी, बुद्धिजीवि, नागरिक समाज तथा अधिकारकर्मीहरू, संचारकर्मीहरूको विरोध जुलुशमा सामेल हुदै

---

[१७] समिति कृष्ण बहादुर यादवको संयोजकत्वमा बनाइएको थियो । जसको सदस्यहरूमा धनेश्वर यादव, विष्णु चौधरी, दिनेश्वर गुप्ता, लक्ष्मण मेहता लगाएका र्थि ।

[१८] पत्रकार बद्री नारयण यादवसँग २०७१ पुस १५ गते लहानमा गरिएका कुराकानीको आधारमा ।

नगर परिक्रमा गरेका थिए । यसरी पहाडी समुदायले पनि जुलुश निकालेर सहयोग गर्नथाले पछि मधेसीहरूको पहाडी समुदाय प्रतिको रोस विस्तारै घट्दै गएको थियो ।

तत्कालिन प्रधानमंत्री गिरीजाप्रसाद कोइरालाले माघ २४ गते अवेर राती राष्ट्रको नाममा गरेको दोस्रो सम्बोधन सकारात्मक भए पनि मधेशको मागलाई पूर्णरूपमा समेट्न नसकेको ठहर गर्दै लहानका पेशाकर्मी , बुद्धिजीवि तथा नागरिक समाजले  माघ २५ गते विहान पुनः दवाव सृजनाका लागि जुलुश प्रर्दशन गरेका थिए । कोणसभामा बोल्दै डा. महादेव साहले प्रधानमन्त्रीको सम्बोधनको विश्लेषण गर्दै जातीय आधारमा निर्वाचन क्षेत्र निर्धारण र समानुपातिक निबार्चन प्रणाली को माग पुरा गर्न सरकारले नचाहेको आरोप लगाउदै मधेशको आन्दोलन शान्तिपूर्ण रूपमा जारी राख्नु पर्ने अडान राखेका थिए ।

लहानमा आन्दोलन जारी रहेपनि मधेसी जनअधिकार फोरमले आन्दोलन स्थगित गर्ने निर्णय गरे पछि विस्तारै लहानको आन्दोलन पनि सेलाउँदै गयो । यसवाट के देखिन्छ भने मधेसको आन्दोलन मधेसी जनअधिकार फोरमको पकडमा थिएन् । उनीहरूले चाहदैमा आन्दोलन रुक्ने अवस्था नहुनुमा आन्दोलनमा विभिन्न स्वार्थ भएका मानिसहरूको संलग्नता थियो । कोही माओवादीसंग बदला लिन चाहन्थे भने कोही नयाँ शक्तिको रूपमा अघि बढ्ने दाऊमा थिए । स्थानीय जमिन्दारहरू माओवादीको ज्यादतीवाट रुष्ट थिए । उनीहरू माओवादीको सेखी झार्नका लागि मधेस आन्दोलनमा सक्रिय थिए । अर्को तर्फ सरकारमा रहेका माओवादी बाहेकका शक्तिहरू मधेस आन्दोलन जति चर्कियो उति माओवादीलाई घाटा हुने विश्लेषण गर्दै आन्दोलनलाई लम्ब्याउने पक्षमा रहे । यसैले मधेस आन्दोलन अराजक भीड हुँदा समेत  सरकारले तत्काल कुनै कदम चाल्नुको साटो पर्ख र हेरको सिद्धान्त अपनाएको देखिन्थ्यो । यसले मधेसमा धेरै क्षति भयो ।

लहान र वरपर महतो थरका मानिसको बाहुल्यता छ । प्रथम सहिद महतो थरका भएकाले महतोहरू बढी सक्रिय भए जसले लहानमा आन्दोलन चर्किन सक्यो । तर, ठीक त्यस्तै लहानमा थारु समुदायको पनि बाहुल्यता छ । तराईलाई मधेस भन्न नरुचाउने थारुहरूले मधेशी जनअधिकार फोरमले बन्दको आह्वान फिर्ता लिएता पनि लहानमा थारु कल्याणकारी सभा लहानले माघ २६ गते सिरहा बन्दको आव्हान गरेको थियो । सभाका जिल्ला सभापति चन्द्रकिशोर चौधरीले जारी गरेको  विज्ञप्तीमा थारु कल्याणकारीणी सभाको मूल माग जातिय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधीको सुनिश्चितता, जातीय संस्कृती, भाषा भेषभुषाको आधारमा समानुपातिक संघीय प्रदेशको विभजन,जातीय स्वायतता, आत्म निर्णयको अधिकार र थरुहट प्रदेशको घोषणालाई अन्तरीम संविधानमा संशोधन गरी समावेश गर्नु पर्ने माग राखि बन्दको आयोजना गरिएको जनाइएको थियो ।

प्रधानमंत्री गिरिजाप्रसाद कोइरालाले मधेस आन्दोलनको लागि गरेको पहिलो सम्बोधनमा मधेस शब्द नपरेकोमा मधेसीहरू झनै  उग्र भएका थिए । तर दोस्रो सम्बोधनमा मधेस शब्द परेपछि फोरम शान्त भए पनि थारुहरू मधेस हैन थरुहट क्षेत्रको माग गर्दै मधेस आन्दोलन सेलाउन नपाउँदै आन्दोलनमा उत्रिएका थिए । थारुहरूको सक्रियताले मधेसको समस्या समाधान गर्न सरकारले मधेसी जनअधिकार फोरमसंग मात्र बार्ता गरेर नपुग्ने अवस्था देखियो । जसको प्रभाव स्वरूप मधेसमा थारुहरू द्रुत रूपमा संगठित भए र थारुहट  क्षेत्रका लागि पटक पटक आन्दोलन गरिरहे ।

२०६४ भदौ १३ मा मधेसी जनअधिकार फोरम र नेपाल सरकारबीच जनकपुरमा २२ बुँदे संझौता भएपछि २०६३ साल माघ २ गतेदेखि शुरु भएको मधेस आन्दोलन पूर्णत रोकिएको थियो । तर संझौता धोखा हो भनेर मधेसी जनअधिकार फोरमवाट भाग्यनाथ गुप्ता अलग्गिएका थिए । थारुहरूको आन्दोलन बढ्दै गएपछि

फोरमका किशोर विश्वास पनि उपेन्द्र यादवसंगै राजनीति गर्न सकेनन् । विस्तारै मधेसी जनअधिकार फोरम भित्र नै फुटको राजनीति शुरु भयो ।

## आन्दोलनको प्रभाव

लहानको मधेस आन्दोलनमा स्थानीय पहाडी समुदायका मानिसहरूले समेत मधेस आन्दोलनप्रति एक्यवद्धता जनाउँदै जुलुश प्रदर्शन र कोणसभा गरेकाले स्थानीइ बासिन्दाहरू बीच जातिय दङ्गाहरू हुन पाएन । तर, अन्यत्रवाट यात्रु भएर लहान आई अलपत्र परेका, मोटरसाइकलमा यात्रा गर्न पाइन्छ होला भनी राजधानी वा अन्यत्रवाट पूर्व जान लागेका वा पूर्ववाट पश्चिम जान लागेका पहाडी मूलका मानिसहरूलाई आन्दोलनकारीहरूले गरेको व्यवहार र पहाडी समुदायका मानिसहरू, कर्मचारीहरूलाई लक्षित गरी नेताहरूले गर्ने भाषणका शब्दहरूले पहाडी समुदाय त्रसित थिए । नजानिदो तबर मधेस आन्दोलन राज्यप्रति भन्दा पहाडी समुदाय प्रति लक्षित भएको देखिन्थ्यो । यसले लहानको पहाडी समुदायले त्रसित भई सुरक्षित हुनका लागि विकल्पहरू खोज्न थाले । केही पहाडी समुदायका मानिसहरू चुरेभावरको गठन प्रकृयामा लागे भने केही पहाडी समुदायका मानिसहरूले पुरानो व्यवहारमा परिवर्तन ल्याए । मधेसी प्रतिको आफ्नो धारणामा परिवर्तन ल्याई बोलीचाली र व्यवहार बदलिए । पहाडी समुदायका मानिसहरूलाई केही मधेसी समुदायका मानिसहरूले हेप्ने र अपशब्दहरू प्रयोग गर्ने बानीको विकास भयो ।

मधेसी समुदायका मानिसहरू राज्यको लागि हाम्रो पनि भुमिका हुनु पर्दछ भनेर सबै पक्ष तर्फ सक्रियता देखाउन थाले । राज्यका स्थानीय निकायहरूमा जाँदा आन्दोलन पहिले आफूलाई मधेसी भएकोमा अप्ठेरो गरी प्रस्तुत हुनेहरू पछि मधेसी भएकोमा गर्व गर्न थाले । राज्यले पनि मधेसीलाई सबै पक्षमा समावेशी गर्न थाल्यो । गैरसरकारी संस्था जस्तो रहेको मधेसी जनअधिकार फोरम राजनीतिक पार्टीको रूपमा स्थापित हुन सफल भयो र मधेसमा नयाँ अनुहारका मानिसहरू राजनीतिमा ह्वात्तै प्रवेश गरे । फोरमको संगठन गाउँ तह सम्म विस्तार भयो ।

राम रिझन यादवले मार्टिन चौतारीको कार्यक्रममा प्रस्तुत गर्नु भएको मधेस विद्रोहमा सिरहा- सप्तरी शीर्षकको कार्यपत्रमा लहान घटनाले मधेस आन्दोलनलाई जुन उचाईमा पुऱ्यायो त्यसवारे दुईओटा दृष्टिकोण उल्लेख गरेका छन् । [१९]

*पहिलो, नेकपा (माओवादी) कार्यकर्ता सियाराम ठाकुरले विद्यार्थी रमेशकुमार महतोको हत्या नगरेको भए मधेसी आन्दोलनले यत्तिको उचाई प्राप्त गर्ने थिएन । केही दिनपछि आन्दोलन सेलाएर जान्थ्यो । दोस्रो महतोको हत्या पश्चात एकपछि अर्को घटना घटदै गयो । घटनाक्रमको विकास र निरन्तरताको कारण आन्दोलनले नियमितता प्राप्त गर्न सक्यो । रमेशकुमार महतोको हत्या विरुद्ध चर्केको आक्रोश प्रारम्भमा नेकपा माओवादी विरुद्ध केन्दित भए पनि अन्तत : त्यो मधेसी विद्रोहमा परिणत भयो ।*

मधेस विद्रोहका कारणले मधेस र मधेसीको पहिचान र राज्यको सबै क्षेत्रमा समावेशीको कुरा उठेको छ । मधेस र मधेसीको सशक्तीकरण गर्ने अवसर प्राप्त भएको छ । मधेसका केही बुद्धिजीवीहरू मधेसी पार्टीले

---

[१९] रामरिझन यादव, मधेश विद्रोहमा सिरहा सप्तरी, मधेस विद्रोहको नालीवेली, भाष्कर गौतम (सम्पा.), काठमाडौः मार्टिन चौतारी, वि.सं. २०६४, पृष्ठ ८२ ।

आन्दोलनमा जुन माग राखेका थिए त्यसलाई सरकारले समयमा सम्बोधन नगरेकोले उग्र रूप लिएको भन्ने विश्लेषण गर्दछन् ।

मधेसी जनविद्रोह २०६२/ ६३ सालको युगान्तकारी जनआन्दोलनकै परिपूरक रह्यो । मधेस जनविद्रोह हुनुको मुल कारण मधेसको बस्तुवादी परिस्थिति नै हो जसलाई राज्यले कहिल्यै उचित रूपमा सम्बोधन गर्ने प्रयास गरेको थिएन । मधेसीको पहिचानको प्रश्नलाई गौण बनाएर राख्ने दुश्प्रयास भयो र देश भित्रै आन्तरिक उपनिवेशको अभ्यास गर्दै मधेसीहरूसंग विदेशी सरह व्यवहार गरियो । पहिले नेपालमा पहाडे राष्ट्रवाद र मधेसी राष्ट्र थियो । तर मधेस आन्दोलनले नेपालको राष्ट्रियता, अखण्डता तथा सावैभौम सत्तालाई सम्मान गर्दै मधेसीहरूले राष्ट्रको मूल प्रवाहमा समानुपातिक ढंगवाट प्रवाहित हुनका लागि राजनीतिक आधार तयार गर्न सफल भए ।[२०] मधेस आन्दोलनको मूल्याङ्कन गर्दै मधेस विश्लेषक तुलनारायण साहले भनेका छन्, 'सियारामको गोली, गिरिजाप्रसादको मौनता र प्रचण्डको बोलीमा मधेशको भावना सम्बोधन हुन नसक्दा विराटनगर देखी बीरगञ्जसम्म आन्दोलनको आगो झोसियो ।'[२१]

## निष्कर्ष

शक्ति सन्तुलनका लागि मधेस आन्दोलन सफल भयो । मधेस आन्दोलनले मधेसमा राष्ट्रिय स्तरको सोच विकास भएको छ । मधेसको पहिचान अर्न्तराष्ट्रिय स्तरमा स्थापित गर्न सकेको छ । तर मधेसकेन्द्रित दलहरूले यो सफलतालाई व्यवस्थापन गर्न सकिरहेका छैनन् । मधेसकेन्द्रित पार्टीहरू विभिन्न स्वार्थले टुक्रिदै गएका र सत्तालिप्सामा बढी केन्द्रित भएकाले मधेसका सच्चा हिमायतीहरू चिन्तामा पर्न थालेका छन् ।

मधेस आन्दोलनले राज्य समावेशी चरित्रको हुनु पर्दछ र संघीयतामा जानुपर्दछ भन्ने सन्देश दिएको छ । जुन कुरालाई पनि जातीय आधार मानेर विभाजन गर्न थालियो भने खसहरू आफ्नो अस्तित्वका लागि संघर्षमा उत्रिनुपर्ने अवस्था आउन सक्छ । क्षेत्री, ब्राम्हणहरू आफ्नो अस्तित्वका लागि संगठित भइरहेको अवस्था छ । मधेस आन्दोलनको उपलब्धिलाई सही रूपमा व्यवस्थापन गर्न मधेसको नागरिकताको समस्या, पहिचान, भाषा र राज्यका विभिन्न निकायमा पहुँचका सवालहरूमा वर्ग, जाति, वर्ण, धर्म, क्षेत्रका आधारमा विभेद नहुने कानून बनाउने र व्यवहारमा लागु गर्ने काम समय मै गर्नु पर्दछ । संघीयताको खाका बनिसकेको छ । प्रान्तीय सरकारहरू संचालनमा छन् । तर प्रदेशले अधिकार नपाएको गुनासो आइरहेको अहिलेको सन्दर्भमा परराष्ट्रनीति, सेना र मुद्रा प्रकाशन केन्द्रीय सरकारको मातहतमा रहनेगरी संघीय राज्य प्रणाली लागू गर्ने हो भने मधेसको असन्तुष्टीहरू कम हुनेछन् । मधेसलाई अधिकार दिन वा प्रान्तीय सरकारलाई शक्तिशाली नबनाउने हो भने आन्दोलनको उपलब्धिको रूपमा प्राप्त गणतन्त्र र संघीयता नै गुम्न गई अर्को शक्तिको उदय हुन सक्छ । पहाडी समुदायलाई खेदाउनु पर्दछ भन्ने कुनै मधेसी नामवाट खुलेका पार्टीले नभने पनि सशस्त्र गतिविधिमा लागेकाहरूले लिखित रूपमै यस्ता कामहरू गरे । यसको राजनीतिक र प्रशासनिक दुवै खाले समाधान खोजिनुपर्दछ ।

---

[२०] ऐजन, पृष्ठ ८८ ।

[२१] **धिरेन्द्र प्रेमर्षि र तुलनारायण साह (सम्पा.),** ***मधेश मन्थन, मधेशविद्रोहको पाँच बर्ष : उपलब्धि र चुनौती,*** **काठमाडौं: नेपाल मधेश फाउण्डेशन, वि.सं. २०६८, पृष्ठ : ७४ ।**

मधेस आन्दोलन जसले चर्काएको थियो ऊ नै सरकारमा आएपछि आन्दोलन शिथिल हुदै गयो । राज्य बिस्तारै मधेसी मागहरू सम्बोधन गर्न प्रक्रियागत रूपमा अघि बढिरहेको छ । तर यसका लागि मधेशवादी दलहरू एकजुट भइरहनु आवश्यक छ । जातले गर्दा प्रजातन्त्र फस्टाउदैन । राजनीतिक, आर्थिक अधिकारहरू दिनु नै पर्दछ । सामाजिक सम्मान दिनुपर्दछ । मधेसभित्रको सामन्त र पाहाडबाट आएका सामन्तहरूले गर्दा सामाजिक अधिकारहरू उपयोग गर्न नपाएका आम मधेसी र पहाडे समुदायलाई समताको सिद्धान्तलाई आधार बनाएर योजनबद्ध ढंगले कार्यक्रम ल्याई कार्यान्वयनमा लैजानु पर्छ ।

आफ्ना मनको कुरा राख्ने अवसरहरू नपाएर पनि मधेसीहरूले विद्रोह गर्नु परेको हो । विचार राख्ने स्थान पाएमा उनीहरू आफै जवाफदेही भएर बोल्ने र विचारहरू राख्ने गर्दछन् । केही टाठा बाठा मानिस मात्र अवसर पाउने र पहुँच नभएका मानिस पुरानै अवस्थामा बसिरहनु पर्दा पनि मधेस आन्दोलनको उपलब्धिलाई प्रयोग गर्न पाएका छैनन् । सबै कार्यक्रममा एकै अनुहारलाई मात्र अवसर दिनुको सट्टा फरक फरक अनुहारलाई अवसर दिने नीति सबै पक्षले लिनु पर्दछ । साथै टोल छिमेकमा तपाईले आफ्नो कुरो ठीक भन्नका लागि अर्कोको कुराको पनि कदर र विश्वास गर्ने बानीको विकास गर्नु अन्यन्त आवश्यक छ ।

मधेसी समुदाय भित्रका विभिन्न थरहरूले मधेसी कोटामा अवसर नपाएकोले भित्र भित्रै मधेसी समुदाय बीचमा पनि विभाजन भइरहेको देखिन्छ । थारु समुदायको मधेस शब्द प्रतिको आपत्ति, पिछडावर्गले मधेसीको कोटाहरू कथित उच्च जातमा मधेसीले ओगटने गरेको आरोप र मधेसी दलितहरू नै मधेसी कथित उच्च जातिवाट हेपिएको घटनाहरू एकपछि अर्को सार्वजनिक हुनुले मधेस आन्दोलनमा मधेसी-मधेसी बीच जुन एकजुटपना थियो त्यो विस्तारै खुकुलो हुँदै गएको छ । यसले मधेस आन्दोलनले दिएको उपलब्धीलाई जोगाउन समेत अप्ठेरो हुने संकेतहरू देखिन थालेको छ ।

## सन्दर्भ सामग्री

**गेज, फ्रेडरिक एच., *रिजनालिज्म एण्ड नेशनल यूनिटी ईन नेपाल,* दोस्रो संस्करण, काठमाडौं : हिमाल बुक, ई.सं. २००९ ।**

गौतम, भाष्कर, परित्यक्त मधेस : लिखतद्वारा कैद नेपाली राष्ट्रियता, *स्टडिज इन नेपाली हिस्ट्रि एण्ड सोसाइटी, भोलुम १३ नं. १* , प्रत्युष वन्त र अरु (सम्पा.) पृ. ११७-१४६ ) काठमाडौं : हिमाल बुक, ई.सं. २००८ ।

चौधरी, दीपक, रूपान्तरण (मधेश जनविद्रोहसंगै राष्ट्रियता र तराई/मधेसमा देखिएको बदलावको सन्दर्भमा), काठमाडौंः विवेक सिर्जनशील प्रकाशन प्रा.लि., वि.सं. २०७१ ।

**ठाकुर, महानन्द, *अमर सहीद रघुनाथ ठाकुर : मधेशीका जीवन बृत्त और उनकी कृतियाँ,* राजविराजः महानन्द ठाकुर, वि.सं. २०५२ ।**

**प्रेमर्षि, धिरेन्द्र र तुलनारायण साह (सम्पा.), *मधेश मन्थन, मधेशविद्रोहको पाँच बर्ष : उपलब्धि र चुनौती,* काठमाडौंः नेपाल मधेश फाउण्डेशन वि.सं.२०६८ ।**

**मिश्र, विजयप्रसाद, तराईका सशस्त्र समुह र तिनका मागहरू, *रूपान्तरण समाज अध्ययन,* पूर्ण बस्नेत (सम्पा.),पृ. ५१-६९, काठमाडौंः शान्तिका लागि साझा अभियान, वि.सं. २०६६ ।**

**.... ......., मधेसवादी दल तथा सशस्त्र आन्दोलनमा लागेकाहरू र सरकार बीच भएको सम्झौता कार्यान्वयनको अवस्था, अंक २, *हिस्टोरिकल जर्नल,* नारायण एन भारद्वाज (सम्पा.) पृ. ५०-७६, ललितपुरः पाटन बहुमुखी क्याम्पस वि.सं. २०६८ ।**

**यादव, रामरिझन, मधेश विद्रोहमा सिरहा सप्तरी, मधेस विद्रोहको नालीवेली, भाष्कर गौतम (सम्पा.), पृष्ठ ७५-१०२, काठमाडौं : मार्टिन चौतारी, वि.सं २०६४ ।**

**राउत, सि.के., *मधेशको इतिहास,* जनकपुरः गैरआवासीय मधेशी संघ, वि.सं.२०७० ।**

सिंह, रामेश्वर, "हनुमाननगर प्रकरण", *नयाँ संघर्ष, बर्ष २, अंक-११,* अगस्त, सितंबर, अक्टुवर १९९२, नइदिल्ली : नयाँ संघर्ष प्रकाशन ।